# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या:

मितिः २०७५।१२।१२

श्री प्रमुखज्यू,
सुनकोशी गाउँपालिका,
सिन्धुपाल्चोक ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट सुनकोशी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड १ लाख १५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९ लाख ९० हजार, नियमित गर्नुपर्ने रु.९० लाख ४१ हजार, प्रमाण पेस गर्नुपर्ने रु.८४ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।१०।२५ मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । सो प्रतिवेदन उपर प्रमाण कागजात सहितको प्रतिकृया पेश नभएकोले कायम भएको व्यहोराको पाना ९ यसैसाथ संलग्न छ

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**सुनकोशी गाँउपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७४।७५**

**परिचय :**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने गाँउपालिका स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाँउपालिका अर्न्तगत ७ वडा रहेको ३८ सभा सदस्य व.की.मी.क्षेत्रफल जनसंख्या ३ प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| क्र.सं. | बिबरण | आय | कुल आय | क्र.सं. | बिबरण | व्यय | कुल व्यय |
|---|---|---|---|---|---|---|---|
| १ | अ.ल्या. | | **७४८७०७९.९०** | | **खर्च** | | **२७६८५६३३९** |
| | सञिचत कोष | ६६७९६४१.५३ | | **१** | **चालु खर्च** | | **२७१३८७६१४.९** |
| | चालुखर्च खाता | ३६१०० | | | बित्तीय समानीकरण | ११८७१४०२८.४ | |
| | पुजीगत खाता | ७६६४३८.३७ | | | शिक्षा | ९२९४४९०९ | |
| | नगद मौज्दात | ४९०० | | | स्वास्थ्य | १२०१७३८०.५० | |
| | | | | | आयुर्वेद खर्च | १२६१६०७ | |
| २ | **अनुदान** | | **२३७४२२०००** | | पशु | २२९८२९ | |
| | बितीय समानीकरण | १२५१०२००० | | | कृषि | ९१२००० | |
| | आर्युबेद | १९०६००० | | | LGCDP चालु | ३७६५५० | |
| | शिक्षा | ९४१५८००० | | | सामाजिक सुरक्षा तथा बालपोषण | ३८३८४४६५ | |
| | स्वास्थ्य | १४६११००० | | | गरिव संग विशेश्वर चालु | १६९००० | |
| | पशु | ३०४००० | | | | 0 | |
| | कृषि | ९१२००० | | | पुल कुर्ने | १२००० | |
| | गरिव संग विशेश्वर कार्यक्रम (चालु) | १६९००० | | | ODF तर्फको खर्च | ३००००० | |
| | गरिव संग विशेश्वर कार्यक्रम (पुँजिगत) | २६०००० | | | गत वर्षको कार्यक्रम खर्च | ४६६६५२३ | |
| | | | | | गतवर्षको बेरुजु दाखिला | १३९९३२३ | |
| ३ | LGCDP **तर्फ अनुदान** | | **१०६००००** | | | 0 | |
| | चालु | ४६०००० | | | | ० | |
| | पुजीगत | ६००००० | | **२** | **पुँजीगत खर्च** | **०** | **८५५७४९** |
| | | | | | गरिव संग विशेश्वर पुँजिगत | २६०००० | |
| | जि.स.स पुल कुर्ने | ६००० | **६०००** | | LGCDP | ५९५७४९ | |
| | ODF तर्फको निकासा | ३००००० | **३०००००** | **३** | **धरौटी फिर्ता** | **०** | |
| | | | | **४** | **को.ले.नि.का. फिर्ता** | **०** | **४५५९८७५.५** |
| | | | | | LGCDP | ८७७०१ | |
| ४ | **सामाजिक सुरक्षा तर्फ** | | **३९२०००००** | | सशर्त | ४४७२१७४.५ | |
| | निकासा | ३९२००००० | | **५** | **सुनौलो हजारदिनको बेरुजु दाखिला** | ० | |
| | पे.फ.बाट दाखिला | | | **६** | **मौज्दात बाकी** | ० | **८८६८०७९.७१** |

| क्र.सं. | बिबरण | आय | कुल आय | क्र.सं. | बिबरण | व्यय | कुल व्यय |
|---|---|---|---|---|---|---|---|
| | | | | | **संचितकोष खाता** | 0 | |
| | **पे.फ.बाट दाखिला** | | | | चालु खर्च खाता | १६१६०३५.९७ | |
| | **वडा का. बाट पेश्की मध्येफिर्ता** | | | | मुल खाता मौज्दात | ४२९८६४९.७५ | |
| | | | | | | 0 | |
| | | | | | जि.स.स पुल कुर्ने | ० | |
| ५ | **सिमा बिकास** | | | | ODF | ० | |
| | चालु | | | | नगद मौज्दात | १३३७४.९९ | |
| | पुजीगत | | | | बितीय समानीकरण | ० | |
| | | | | | पुजीगत खर्च खाता मौज्दात | २९४००१९ | |
| ६ | **आन्तरिक आम्दानी** | ९३६७१४.२२ | **१०६४८७४.२२** | ७ | **को.ले.नि.का. फिर्ता गर्नुपर्ने** | **०** | **८६८६३५** |
| | मालपोत | | | | LGCDP | ० | |
| | पोखरी ठेक्काबाट प्राप्त | | | | सिमा बिकास | ० | |
| | टेन्डर फारम बिक्री | | | | बहुक्षेत्रीय पोषण | **०** | |
| | विविध आम्दानी | १२८१६० | | | समाजिक सुरक्षा | ८१५५३५ | |
| | **बेरुजु बाट दाखिला** | | | | स्वास्थ | ५३१०० | |
| | **धरौटी खाता** | | | | | ० | |
| | धरौटी प्राप्त | | | | | ० | |
| | **कर दाखिला गर्न बाकी** | | | | | **०** | |
| | **जम्मा** | २८६५३९९५४.१२ | **२८६५३९९५४.१२** | | **जम्मा** | २८६५३९९५४.१२ | २८६५३९९५४.१२ |

**राजस्वतर्फः आर्थिक कारोबार नभएको ।**

| क्र.सं. | शीर्षक नं. | लगत हसबली समेत रु. | असुली रु. | दाखिला रु. | बाँकी रु. | |
|---|---|---|---|---|---|---|
| १ | विभिन्न | | | | | |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | **परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिकी अभ्यासलाई संस्थागत गरि स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन जनउत्तरदायी र जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि स्थानीय तहको स्थापना भएको हो । | |
| | लेखापरिक्षणका क्रममा उपलव्ध गराईएको विवरणको लेखापरीक्षण योजना तथा कार्यक्रम अनुसार लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण मस्यौदा प्रतिवेदनमा मिति २०७५।१०।१८ मा कार्यालयका पदाधिकारीहरुको रोहवरमा छलफल गरी देहाय अनुसारका लेखापरीक्षण व्यहोरा कायम गरिएको छ । | |
| १. | **आन्तरिक नियन्त्रण :-** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको पालना सम्वन्धमा नियन्त्रण व्यवस्थाको मूल्यांकन सूचीको माध्यमवाट नमूनाको आधारमा परिक्षण गर्दा निम्न व्यवस्थाहरुको पालना गरेको देखिएन । आन्तरिक नियन्त्रणमा सुधार गर्नुपर्ने केही व्यहोरा निम्न छन् :<br>➢ खरिद योजना तयार गर्नुपर्ने,<br>➢ म.ले.प फारम नं. २ मर्मत अभिलेख लाई अध्यावधिक गर्नुपर्ने,<br>➢ योजना तर्जुमा गर्दा वास्तविक र यर्थाथपरक हुनुपर्ने,<br>➢ वार्षिक लक्ष्य तथा प्रगतिको विवरण अनुसुचि २ बमोजिम तयार गर्नुपर्ने देखिन्छ | |
| २. | **तलवी प्रतिवेदन :** निजामती सेवा ऐन,२०४९ को दफा ७ ख(२) निजामती कर्मचारीको तलबी प्रतिवेदन पास नगराई तलब खर्च लेख्न नहुने व्यवस्था छ। कार्यालयले आ.व. २०७४।०७५ को तलवी प्रतिवेदन पास नगरी रु.७२७७४२३। बराबरको तलब भत्तामा खर्च लेखेको छ । अतः नियममा भएको व्यवस्था अनुसार तलबी प्रतिवेदन पास गरेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ३. | **बजेट कार्यक्रम :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा तोकिएको समयमा बजेट पारित गर्ने, साथै दफा ७३ अनुसार समयमा बजेट खर्च गर्ने अख्तियारी र कार्यक्रम स्वीकृत गर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले बजेट समयमै पास गरेतापनि कार्यक्रम तथा खर्च गर्ने अख्तियारी समयमै प्रदान नगरेको कारण नियमित रुपमा पूँजिगत खर्च गर्न सकेको देखिदैन । जसको फलस्वरुप आ.व. को अन्त्यमा ९० प्रतिशत खर्च भएको छ । जसले गर्दा निर्माण कार्यमा गुणस्तरीता भए/नभएको सुनिश्चिता गर्न सकिदैन । अतः नियममा भएको व्यवस्था अनुसार कार्य गर्न गाँउपालिकाको ध्यान जानुपर्ने देखिन्छ । | |
| ४. | **विद्युतीय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह संचितकोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्वन्धि पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वुंदा नं. ५.१० मा सबै स्थानीयतहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । सबै स्थानीयतहले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो संचितकोषको संचालनमा गर्नुपर्ने, वजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यस वर्ष गाँउपालिकाले Sub National Tresury Regulatory application (SUTRA) प्रयोगमा ल्याएको देखिएन । तसर्थ (SUTRA) प्रयोग गरी लेखा प्रणाली | |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ५. | **कन्टेन्जेन्सी खाता :** नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२ मिति २०७०।१।२४ गतेको पत्रानुसार गाउँपालिकाले निर्माण खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । यसरी कन्टिन्जेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुंजी निर्माणमा खर्च गर्न मिल्नेमा गाउँपालिकाले कन्टेन्जेन्सी खर्च देखिने गरी छुट्टै खाता राखेको देखिएन । अतः कन्टिन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकमलाई व्यवस्थित गर्ने तर्फ निकायको ध्यान जानुपर्ने देखिन्छ । | |
| ६. | **रकम फिर्ता :-** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मा केन्द्रिय सरकारबाट सर्सत रुपमा पाएका अनुदान खर्च गरी बाँकी रहेको रकम आ.व.को अन्त्यमा केन्द्रिय कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले आ.व. अन्त्यमा बाँकी रहेको सर्सत अनुदानको रकम केन्द्रीय खातामा कम जम्मा गरेको पाईयो । अत : नियमानुसार बांकी रकम समयमै केन्द्रिय खातामा दाखिला गर्नु पर्ने रु. | ८६८६३५.० |

| विवरण | बजेट | खर्च | फिर्ता हुनुपर्ने |
|---|---|---|---|
| शर्सत, (स्वास्थ्य) | | | ५३१००.०० |
| सा.सु. | ३९२०००००.०० | ३८३८४४६५.०० | ८१५५३५.०० |
| **जम्मा** | | | **८६८६३५.००** |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ७. | **रकमान्तर :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कुनै पनि योजनाको २५ प्रतिशत भन्दा बढी रकमान्तर गर्नुहुदैन भन्ने व्यवस्था रहेको छ । गाउँपालिकाले मिति २०७५।०३।०१ को निणर्ययले विभिन्न नयाँ योजनामा रकमान्तर गरी अर्को योजनाका रकम रकमान्तरण गरी खर्च लेखेको छ । रकमान्तगर गरेका योजनाहरु गाँउ सभाबाट अनुमोदन हुनपर्ने रु. | ५८९०००.० |
| ८. | **अनुत्पादक क्षेत्रमा लगानी –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा गाउँपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिका ले सामुदायिक भवन, क्लब भवन, खेलकुद मैदान जस्ता योजनाहरु अधिक संख्यामा समेत छनौट गरी खर्च गरेको पाइयो । अतः स्थानीय सरकार सञ्चालन ऐन व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गरिनुपर्दछ । | |

| क्र.स. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | जगन्नाथ सामुदायीक भवन निर्माण | ३५००००.० | |
| २ | तिन थुम्के सत्तल निर्माण | २९४०००.० | |
| ३ | जेष्ठ नागरिक भवन बरकोबोट निर्माण | ४०२०००.० | |
| ४ | गा.पा. स्तरिय भलिवल प्रतियोगीता | ४९०००.० | |
| ५ | त्रिवेणि घाटमा सत्तल निर्माण | ९८०००.० | |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ९. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । गाउपालिकाले सो अनुसार कार्य गरेको छैन । | |
| १०. | **खरिद :** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा | १६१४०६०.० |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा कार्यालयले विभिन्न भौचर र मिति बाट कार्यालय सामान खरिद गरेकोले नियमसम्मत देखिएन । | |
| **११.** | **पेश्की फछ्र्यौट :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ को उपनियम (१) अनुसार पेश्कि फछ्यौट गर्नुपर्ने व्यवस्था छ । खा.पा.सा.टे अर्जुन ब.महतलाई दिइएको पेश्की हाल सम्म पनि फछ्यौट नगरेको पाइएकोले पेश्की फछ्र्यौट गर्ने अन्यथा असुल गर्ने रु. | १००००.० |
| **१२.** | **आन्तरिक आय :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा लगत अद्यावधिक नभएको साथै सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । साथै गाँउपालिकाले तयार वार्षिक विकास योजनाको अनुसुची ३ मा विभिन्न व्यवसाय तर्फको दर निर्धारण गरेतापनि सोहि अनुसार कर उठाएको पाईएन । गाँउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाईएन । अतः व्यवसायीहरुको लगत राखी करको दायराभित्र ल्याउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| **१३.** | विपद व्यवस्थापन शिर्षकमा खर्च गर्ने गरि वार्षिक रुपमा गाउँपालिका र वडाहरुले बजेट विनियोजन गरि विभिन्न शिर्षकहरुमा रकम वितरण गरेको पाइयो । यसरी विपद व्यवस्थापनको लागि विनियोजन गरेको रकमको एउटा छुटै कोष खडा गरि कोष सन्चालन गर्ने कार्यविधि गाउँपालिका परिषदबाट पास गरी रकम खर्च गर्नु पर्नेमा सो गरेको पाइएन । एकमुष्ट रकम विनियोजन गरि वितरण गरेको खर्च रु.७८८०१९। नियम सगत नदेखिएको रु. | ७८८०१९.० |
| **१४.** | भौ.३-०७४।५।२० बन दिवस मनाउन भनि रु.१५००००। बार्षिक बजेट विनियोजन भएकोमा पेश भएका बिल भर्पाइ बमोजिम उक्त दिवस मनाउदा रु.३०६३९४। खर्च गरेको पाईयो । बार्षिक रुपमा विनियोजन भएको बजेटको परिधि भित्र रही कार्यक्रम सन्चालन गर्नु पर्नेमा मर्मत सम्भार शिर्षकमा बचत भएको रकमबाट नपुग रु.१५६३९४। खर्च गरेको पाईयो । रु.२००००। भन्दा माथिको रकम भुक्तानी गर्दा मु.अ कर विल प्रयोग गर्नु पर्नेमा प्यान बीलबाट अधिकांस रकम भुक्तानी भएको पाईयो । कार्यक्रम संसोधन, रकमान्तर नगरी बजेट शिर्षक नघाई खर्च गरेको रकम नियम संगत नदेखिएको रु. | १५६३९४.० |
| **१५.** | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१४) बमोजिम उपभोक्ता समितीले श्रममुलक काममा श्रम मुलक कामको निर्धारण गरी काम गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयले भौ.२०-०७४।६।८ विद्युत पोल खरिद वापत रु.५०००००। बजेट विनियोजन भै उपभोक्ता समिति गठन गरि पोल खरिद भएकोमा पोल खरिद जस्तो कार्यामा कोटेशन लिएर खरिद गर्नु पर्नेमा उपभोक्ता समिति गठन गरी पोल खरिद गरेकोछ । साथै लागत अनुमान र संझौता बमोजिम पोल गाड्ने कार्यमा उपभोक्ता समितिको सहभागीता हुने भने पनि पेश भएका विल भरपाइको परिक्षण गर्दा उपभोक्ता समितिको सहभागीता नपाइएकोले सो कार्यलाई नियम संगत भन्न नसकिएको रु. | ५०००००.० |
| **१६.** | **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई आएका सामानको मुल्य समेत खुलाई जिन्सी खातामा खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गर्नु पर्नेमा व्यवस्था गरेकोमा मेलमिलाप केन्द्रको लागि फर्निचर खरिद गरेको फर्निचर जिन्सी दाखिला गरेको नपाइएकोले जिन्सी दाखिला गर्नु पर्ने रु. | ४९०००.० |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| १७. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १८. | **विल विजक नपुग :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गदा अधिकार प्राप्त अधिकारीबाट स्वकिृत गराई खर्च गर्नु पर्ने व्यवस्था भएकोमा निम्नानुसारको भौचर बाट खर्च लेख्दा विल भरपाई नपुग भएकाले नपुग विल भरपाई संबन्धितबाट असुल गर्नु पर्ने रु. | १०७५४०.० |

| क.सं. | भौ.मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ८९-०७४/१२/२२ | बैठक भत्ता रुपकामी लामा लाई बुझाउन बाँकी (रामकुमार थापा) | ३८२५.० |
| २ | १६१-०७४/७/३० | विद्युत महसुल भुक्तानीमा विल भरपाइ नभएको | ८०००.० |
| ३ | १६४-०७५/३/१९ | विल भरपाइ भन्दा बढि विद्युल महसुल खर्च | ६२७४.० |
| ४ | १६४-०७५/३/१९ | विल भरपाई वेगर विविध खर्च भुक्तानी | २२१५.० |
| ५ | ४६-०७४/११/१३ | श्रीखोला सडक उ.स लाई रु.४०००००। भुक्तानी गरेकोमा विलको जोड जम्मा रु.३८५७४०। भएको बढि भुक्तानी | १४२६०.० |
| ६ | ७-०७४/६/१२ | वडा कार्यालयको उद्घाटन कार्यमा बाजा बजाउने रु.६३००। को फोटोकपी विल राखि दोहोरो खर्च लेखेको (रामकुमार थापा) रु. | ६३००.० |
| ७ | ११-०७४/१०/२४ | वडा अध्यक्ष श्री राम कुमार थापालै मिति ०७४।५।३० मा विना उद्येश्य रु.१००००००। पेश्की लिई ५ महिना पछि नगदै बैक दाखिला गरि पेश्की फछ्यौट गरेको मा ५ महिनाको १० प्रतिशतका दरले हुने व्याज रु.४१६६६। निजबाट असुल गर्नु पर्ने रु | ४१६६६.० |
| ८ | २३-०७४/६/९ | वडा अध्यक्ष श्री राम कुमार थापाले विविध शिर्षकमा रु.२५०००। को २ थान विल राखि पेश्की फछ्यौट गरिएकोमा कुन कामको लागि उक्त रकम खचै गरेको खर्च रकम पुष्टाई कागजात पेश नभएबाट उक्त रकम बास्तविक खर्च हो भनि यकिन गर्न नसकिएकोले सम्बन्धित बाट असुल गर्नु पर्ने रु. | २५०००.० |
| | | जम्मा | १०७५४०.० |

| | | |
|---|---|---|
| १९. | आ.ब. २०७३।०७४ को अन्त्यमा पूजीगत खर्चमा रु.४८०००००। परिषदमा पेश नगरि कार्यपालिका बैठकबाट ७ वटा कार्यक्रम बनाई विभिन्न योजनामा गरि रु.४६६६५२३। खर्च गरेको नियम सम्बत नदेखिएको । कार्यक्रम बनाउँदा यस वर्षको अनुमानित आय, मन्त्रालयबाट प्राप्त हुने अनुदान र गत वर्षको बचत रकमलाई समेत समावेश गरि बार्षिक कार्यक्रम बनाई बजेट विनियोजन गर्नु पर्नेमा उक्त रकम परिषद बैठक हुँदा नदेखाईएको र पछि कार्यपालिका बैठकबाट मात्र योजना बनाई रकम वितरण गरेको आर्थिक ऐन नियम र सिद्धान्त विपरित भएकोले यस्तो कार्य सभाबाट नियमित गराउनु पर्ने रु. | ४६६६५२३.० |
| २०. | **लगबुक बेगर खर्च :** कार्यालयले ईन्धन वापत खर्च लेख्दा ईन्धनको प्रयोजन र प्रयोग गर्ने पदाधिकारी खुलाई लगबुक भर्नुपर्नेमा देहाय बमोजिमको विल भुक्तानी गर्दा लगवुक नराखी भुक्तानी गरेको रु.४६०८५.० पाईयो नियम सम्बत नदेखिएको रु. | ४६०८५.० |
| २१. | **आर्थिक सहयोग :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(६) मा कुनै पनि निकायले स्वीकृत कार्यक्रम र योजना विना खर्च लेख्नु हुदैन भन्न व्यवस्था रहेको छ । गाँउपालिकाले निम्न मिति र भौ.नं.बाट विभिन्न निकाय तथा संस्था तथा व्यक्ति लाई आर्थिक सहयोग बापत खर्च लेखेको छ । यसरी कुनै स्पष्ट मापदण्ड तथा कार्ययोजना विना गरेको खर्च नियमित नदेखिएको | |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | रु. | ६००००.० |
| २२. | **बढि भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा कुनै सार्वजनिक निकायले रनिङ विलको रकम भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । आहाल डाँडा सामुदायिक भवन घरेडी व्यवस्थापन कार्य आहाल डाँडा सामुदायिक भवन घरेडी व्यवस्थापन उपभोक्ता समितिले रु.१९३८९३।२३ मा कार्य सम्पन्न गर्ने गरि संझौता गरेकोमो भौ. ४८-०७५।३।२० बाट रु.१९७४५४। खर्च लेखी बढि भुक्तानी गरेको रु.३५६०।७७ संबन्धित उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु. | ३५६०.७७ |
| २३. | **मुल्य अभिवृद्धि कर:** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा व्यवस्था भए बमोजिम कर दर्ता नभएको व्यक्तिले कर उठाउन नहुने र दफा १८ अनुसार कर दाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर को विवरण महिना समाप्त भएको २५ दिन भित्र पेश गर्नु पर्ने उल्लेख छ । त्यस कार्यालयले उपभोक्ता समिति मार्फत विभिन्न काम गराउँदा डोजर भाडामा खगेन्द्र सप्लायर्स (स्थाई ले.३०२२१०५४१) विभिन्न उपभोक्ता समिति संग काम गरी भुक्तानी लिएको छ । आन्तरिक राजश्व विभागको विद्युतिय प्रतिवेदनबाट परिक्षण गर्दा उक्त सप्लायर्सलाई २०७४ पौस महिना देखि मासिक कर विवरण बुझाएको नदेखिएकोले त्यस कार्यालयबाट मुल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नु पर्ने | ३५०२१.० |

| क्र.सं. | भौ.र मिति | भुक्तानी रकम | मुल्य अभिवृद्धि कर वापत भुक्तानी लिएको रकम |
|---|---|---|---|
| १ | ३-०७४/११/२८ | १३६०००.० | १५६४६.० |
| २ | ४८-०७५/३/२० | १५१८७१.० | १७४७१.० |
| ३ | ८-०७४/११/३० | १६५५०.० | १९०४.० |
| | जम्मा | ३०४४२१.० | ३५०२१.० |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| २४. | **कर दाखिला :** आयकर ऐन, २०५८ अनुसार कार्यालयले आफ्नो भुक्तानीमा कर कट्टी गरि दाखिला गर्नपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले वडा नं. ५ लाई दिएको पेश्की फछ्यौट गर्दा रु.९७२९७ कट्टा गरि भुक्तानी गरेकोमा रु.९०३६६। मात्र राजश्व दाखिला गरेकोले नपुग रु.६९३१।०० राजश्व दाखिला गर्नु पर्ने रु. | ६९३१.० |
| २५. | **बैठक भत्ता** : स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम मासिक सुविधा वापत पाउने व्यवस्था छ । गाउँपालिका उपर्युक्तानुसार कानूनमा व्यवस्था नभएको बैठक भत्ता कर कट्टा गरि रु. ६२०९२५.० लिएको पाइयो । नियमको व्यवस्था विपरित भुक्तानी भएको रकम अनियमित भएको रु | ६२०९२५.० |
| २६. | **उपभोक्ता समितिको कार्य :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) बमोजिम एक करोड रुपैयासम्मको काम उपभोक्ता समिति वा लाभग्राही समूहबाट गराउन सकिने व्यवस्था भएकोमा उपभोक्ता समिति मार्फत गाउँपालिकाले विभिन्न निर्माण कार्य गराएकोमा देखिएका व्यहोराहरु देहाय अनुसार छन । <br><br> • उपनियम ७ बमोजिम उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस नगरेको र उपभोक्ता भेलाबाट खर्चको विवरण सर्वजनिक गर्नु पर्नेमा यदि उपभोक्ता समितिले मात्र गरेको भएमा सुधार हुनु पर्दछ । <br> • गाउँसभाले योजना छनौट गर्दा सर्भे रिपोर्टको आधारमा लागत अनुमान तयार भए पश्चात गर्नुपर्नेमा गाउँसभाले बजेट विनियोजित गरे पश्चात योजना सर्भे र लागत अनुमान तयार | |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | गरेकोले लागत अनुमान र बजेटबीच तादम्यता नहुने र बजेट अनुमान र लागत अनुमान यथार्थपरक नहुने देखिन्छ ।<br><br>उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न गरेपछि सम्बन्धित सार्वजनिक निकायले खुवाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त अनुदान रकम र जनश्रमदानबाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत पुरै खर्चको विवरण सो निकायमा पेश गर्नुपर्नेमा उपभोक्ता समितिले गरेको काम खुलाई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| २७. | **स्थलगत निरिक्षण** | |
| २७.१. | सुनकोशी गाउँपालिका वडा नं.१ मा सामुदायिक स्वास्थ्य भवन निर्माण गर्न रु.२९३९३७९।४६ लागत अनुमान तयार गरी उपभोक्ता समिति संग ०७४।१०।५ मा संझौता भएको छ । संझौता अनुसार ०७५।३।१५ कार्य सम्पन्न गर्नु पर्ने उल्लेख छ । सो भवनको स्थलगत निरीक्षण गर्दा भवनमा १९ वटा पिलर राखेको छ । भवनको Structure सम्म बनाएको छ । भवनको उत्तर कुन पट्टी पहिरोको जोखीमको कारणले Retaining Wall लगाउनु पर्नेमा प्राप्त भएको रकम जे जति कामको लागि पुग्छ सोही अनुसार लगत अनुमान तयार गर्ने गरेको छ । भवन अधुरो अवस्थामा छ । समयमा भवनको निर्माण गर्न ध्यान दिनु पर्दछ । | |
| २७.२. | यस गाउँपालिकाको वडा नं. १ मा मिर्रे वाग भैरव लिफ्ट खानेपानी योजनको लागि रु.२१५५९८४।६६ को लागत अनुमान तयार गरी उपभोक्ता समिति संग ०७४।१२।१ मा संझौता भएको छ । संझौता अनुसार ०७५।२।३० मा कार्य सम्पन्न गर्नु पर्ने उल्लेख छ । सो योजनाको स्थलगत निरिक्षण गर्दा मिर्रे खोलाका रिजर्भयर ट्याङ्की निर्माण भएको छ । पानीको स्रोत पर्याप्त छैन । ट्याङ्की बनाएको स्थान उपयुर्क्त देखिएन । योजना अधुरो अवस्थामा छ । योजना सम्पन्न गराउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| २८. | **वित्तीय जवाफदेहिता मूल्याङ्कन :** कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट कार्यालयले "B" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ । | |
| २९. | **बेरुजू** - सुनकोशी गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ९ लाख ९० हजार, अनियमित बेरुजू रु. ९० लाख ४१ हजार समेत रु. १ कारोड ०१ लाख १५ हजार बेरुजू कायम भएको छ । | |
| ३०. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : | |

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ४८७९००० | १५१७९७३.० | ३३६१०२७ |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ३१. | **अद्यावधिक बेरुजू स्थिति :** सुनकोशी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी रु.(C) | वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. | बाँकी (F=C+D+E) |
|---|---|---|---|

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | | | | रकम |
|---|---|---|---|---|---|
| | | | (E) | | |
| | ३३६१०२७ | ० | १०११४७६२.७० | १३४७५७८९.७ | |

**अनुसूची– १**

## सुनकोशी गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
### २०७४।७५

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | सिन्धुपाल्चोक | सुनकोशी गाउँपालिका | ११ | १५ | १०११५ | ० | ० | ० | ११ | १५ | १०११५ | ९९० | ९०४१ | ८४ | ० | ० | १०११५ | | | |

**अनुसूची- २**

## स्थानीय तह सञ्चित कोष विवरण
### २०७४।७५

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | सुनकोशी गाउँपालिका | सिन्धुपाल्चोक | ७४८७ | १२५१०२ | ११२३२० | ४१६३० | २७९०५२ | २७१३८७ | ८५५ | २७६८०३ | २७७६७१ | ८८६८ |